मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ८ गते मंगलबार ❑ 21 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## कास्कीमा कार्यशैली सुधार्न सांसद पौडेलको कडा निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

कास्की जिल्लाका प्रशासनिक कार्यालय प्रमुख तथा सुरक्षा निकायका प्रमुखहरूसँग सोमबार पोखरामा भएको बैठकमा प्रतिनिधि सभा सदस्य उत्तम पौडेल ले कार्यशैलीमा आमूल परिवर्तन गर्न कडा निर्देशन दिएका छन् ।



उनले विगतमा नेताको पहुँच, भनसुन र चिटका आधारमा हुने कामको संस्कृतिलाई तत्काल अन्त्य गर्नुपर्ने बताएका हुन् । बैठकमा बोल्दै सांसद पौडेलले सुशासन नारामा मात्र सीमित नभई हरेक सरकारी कार्यालयको व्यवहार र सेवा प्रवाहमा देखिनुपर्नेमा जोड दिए। "जनताको गुनासो सुन्ने पहिलो जिम्मेवारी तपाईंहरूको हो, जनताले मसम्म आउनु पर्ने अवस्था आउनु हुँदैन," उनले स्पष्ट पारे । उनले कार्यालयभित्र विचौलियाको चलखेल, दादागिरी र कोठा-कोठा धाउने प्रवृत्ति अब सह्य नहुने चेतावनी दिए । सेवा प्रवाहलाई पारदर्शी, सरल र जनमुखी बनाउन कर्मचारीहरूलाई निर्देशन दिँदै उनले विगतका गलत अभ्यासहरूलाई त्याग्न आग्रह गरे । सांसद पौडेलले कर्मचारी र जनताबीचको दूरी घटाउनुपर्ने उल्लेख गर्दै बारम्बार गुनासो आउने अवस्थालाई गम्भीर रूपमा लिन आग्रह गरे। "अब कुनै पनि सेवा चिटका भरमा होइन, विधि र प्रक्रियाअनुसार हुनुपर्छ," उनले भने ।

उनले थपे, "यदि कुनै पनि कार्यालयबाट सेवा दिन ढिलाइ वा झन्झट भयो भने सम्बन्धित निकायमा सिधै उजुरी गर्नुस्, म स्वयं पनि त्यसमा संलग्न हुनेछु।" २२ वर्षको पत्रकारिता अनुभवको आधारमा उनले गलत परम्परालाई पखाल्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए । बैठकमा सुरक्षा निकायलाई समेत विशेष निर्देशन दिँदै पोखरालाई शान्त, सुरक्षित र पर्यटकमैत्री बनाउन उनले जोड दिए । विगतमा भएका घटनाबाट पाठ सिक्दै यस्ता दुर्घटना हुन नदिन सबै सचेत रहन उनको आग्रह थियो । कार्यक्रम कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । बैठकमा सहभागी सबै निकायलाई जनतामुखी सेवा, सुशासन र विधिको शासन कार्यान्वयनमा प्रतिबद्ध रहन आग्रह गरिएको छ ।

## गण्डकी प्रदेश प्रमुख भट्ट समक्ष मुस्लिम आयोगको वार्षिक प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

गण्डकीका प्रदेश प्रमुख समक्ष मुस्लिम आयोगले वार्षिक प्रतिवेदन पेस गरेको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टलाई आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्टलाई पेस गर्नुभएको हो ।



संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था बमोजिम आयोगले सोमबार एक कार्यक्रमका बीच सातौं वार्षिक प्रतिवेदन पेस गरेको हो । प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख भट्टले मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि आयोग गठन भएको उल्लेख गर्नुभयो । उहाँले नेपालका विभिन्न जाति, भाषा, संस्कृति र समुदायका बीचमा सहअस्तित्वका आधारमा आपसी सद्भाव कायम राख्न मुस्लिम आयोग जस्ता राज्यले स्थापना गरेका विभिन्न आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । प्रतिवेदनमा उल्लेख गरिएका विषयहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत प्रदेशसभामा छलफलका लागि पेश गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । आयोगका कार्यवाहक अध्यक्ष अलीले आयोगका गतिविधि, उपलब्धि र आगामी योजनाबारे प्रदेश प्रमुख भट्टसमक्ष जानकारी गराउनुभयो । अलीले मुस्लिम समुदायको अवस्था सुधारका लागि आयोगले प्रयास गरिरहेको बताउँदै पर्याप्त श्रोत साधन, बजेट र अधिकार नहुँदा आयोगले काम गर्न नसकेको गुनासो गर्नुभयो । गण्डकी प्रदेश प्रमुखको कार्यालयमा आयोजित प्रतिवेदन हस्तान्तरण कार्यक्रममा प्रदेश प्रमुख कार्यालयका सचिव विजय राना लगायतको उपस्थिति रहेको थियो ।

## विश्वविद्यालयमा दलीय राजनीति निषेध गर्न उपकुलपतिहरूलाई प्रधानमन्त्री शाहको निर्देशन

**रासस**
काठमाडौं, ७ बैशाख

प्रधानमन्त्री वालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य क्षेत्रका शैक्षिक संस्थाहरूमा दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउने निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ । उहाँले सोमबारविश्वविद्यालय र प्रतिष्ठानहरूमा कुनै पनि बहानामा



राजनीति गर्न नहुने अडान लिँदै दलीय विद्यार्थी र कर्मचारी सङ्गठनका संरचना हटाउन उपकुलपतिहरूलाई निर्देशन दिनुभएको हो । प्रधानमन्त्री शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज देशभरिका विश्वविद्यालय र प्रतिष्ठानका उपलकुलपतिहरूसँग साढे ३ घण्टासम्म समसामियक विषयमा छलफल गर्नुभएको थियो । त्यस क्रममा उहाँले राजनीतिक दलसँग आबद्ध विद्यार्थी तथा कर्मचारी सङ्गठनहरूको संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कार्की आयोगको प्रतिवेदन अपूरो : सभापति थापा

**रासस**
काठमाडौं, ७ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले गत भदौ २३ र २४ को जेनजी आन्दोलनको छानबिनका लागि गठित कार्की आयोगको प्रतिवेदन अपूरो र पूर्वाग्राही भएको बताउनुभएको छ।

कांग्रेसको केन्द्रीय समितिद्वारा आज हेटौंडामा आयोजित नेपाली कांग्रेस बागमती प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रममा आफ्नो धारणा राख्दै सभापति थापाले उक्त घटनाका सम्बन्धमा सत्यतथ्य, स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुनुपर्ने बताउनुभयो। गत फागुन २१ गतेको निर्वाचनमा पार्टीको पराजयको सम्बन्धमा राखिएको समीक्षा कार्यक्रममा उहाँले नयाँ सरकारले कसैमाथि गैरकानुनी सम्पत्ति आर्जन, भ्रष्टाचारको बिषयमा अनुसन्धान गर्दा कानुन, नियम, विधि प्रकृयाअनुसार गर्नुपर्ने उल्लेख गर्नुभयो। कसैप्रति पूर्वाग्रही ढङ्गले व्यवहार नगर्न आग्रह गर्दै उहाँले विधिको शासन व्यक्तिले मात्र नभएर प्रधानमन्त्रीले समेत मान्नुपर्ने बताउनुभयो।

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले नेपाली कांग्रेसको क्रियाशील सदस्यले अब नयाँ जिम्मेवारी लिई डिजिटल रुपमा सूचना प्रविधिको सदुपयोग गरेर पार्टी नीति सिद्धान्तअनुरूपका कार्यक्रम हरेक नागरिकसम्म पुऱ्याउनुपर्ने बताउनुभयो।


# हार्दिक बधाई एवम् शुभकामना




श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको १९औं वार्षिक साधारणसभा तथा १०औं अधिवेशनबाट हाम्रा शुभचिन्तकहरु अध्यक्षमा योगेन्द्रमान श्रेष्ठ, उपाध्यक्षमा गमबहादुर गुरुङ, सचिवमा राजेन्द्र भण्डारी, कोषाध्यक्षमा वीरबहादुर थापा, सहसचिवमा दीपेन्द्रराज बस्ताकोटी एवम् सदस्यहरू रामप्रसाद सिग्देल, हरिश्चन्द्र आचार्य, लालबहादुर नेपाली र धर्मराज पौडेल अल्पायु निर्वाचित हुनु भएकोमा उहाँहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रो. बद्रीनारायण श्रेष्ठ
एवम्
**भद्रकाली ग्रील उद्योग परिवार**
पोखरा-१३, भद्रकालीचोक
मो. ९८५६०२१८४३



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# घान्द्रुकको मौलिकता जोगाउनु हाम्रो कर्तव्य: वडाध्यक्ष गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुक पर्यटन व्यवस्थापन समितिको अध्यक्षमा विक्रम गुरुङ सर्वसम्मत निर्वाचित भएका छन्।

घान्द्रुकमा सोमबार भएको घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुकको तेस्रो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनबाट विक्रम गुरुङको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको छ। अध्यक्ष विक्रम गुरुङ पुनः दोस्रो कार्यकालका लागि अध्यक्षमा दोहोरिएका हुन्।

समितिको उपाध्यक्षमा कृष्णबहादुर गुरुङ, सचिवमा उमेश क्षेत्री, सहसचिवमा महेन्द्र गुरुङ र कोषाध्यक्षमा कृष्णबहादुर गुरुङ चयन भए। सदस्यहरूमा सन्तोष गुरुङ, मनिसा गुरुङ, रुक्सा गुरुङ, मनोज गुरुङ, विनोद सुनार, मेलिना गुरुङ ठकुरी, सुजल राना मगर, सुशान्त गुरुङ, रामबहादुर परियार छन्। सल्लाहकारमा धुव्र गुरुङ र चक्रबहादुर गुरुङ चयन भए।कास्कीको अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङले घान्द्रुकको मौलिकतासँगै संस्कृति संरक्षण गर्नुपर्नेमा जोड दिए। घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुकको तेस्रो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनको उद्घाटनपछि बोल्दै वडाध्यक्ष गुरुङले विकाससँगै फेरिँदै गएको



मौलिकताबारे पर्यटकहरूमा चिन्ताको विषय बनेको बताए।

'घान्द्रुकको पहिचान भनेको ढुंगेनी गाउँ हो, पछिल्लो समय विकासको गतिसँगै फेरिँदै जान थालेको मौलिकताले पर्यटन क्षेत्रमा गरेको असरबारे चिन्ताको विषय बनेको छ', वडाध्यक्ष गुरुङले भने, 'विकाससँगै घान्द्रुकको पहिचान संरक्षण गर्ने कर्तव्य हामी सबैको हो, मौलिकता संरक्षणलाई ध्यान दिँदै गाउँपालिकाले अबको आर्थिक वर्षदेखि अनुदानको समेत व्यवस्था गर्दै छ।' वडाध्यक्ष गुरुङले पर्यटन व्यवसायलाई थप व्यवस्थापन गर्न सबैले व्यवसाय दर्ता र बिमा गरेर सञ्चालन गर्न समेत आग्रह गरे। 'हामीले सबैले व्यवसाय गर्दा दर्ता र बिमा अनिवार्य गर्नुपर्छ', उनले भने, 'व्यवसाय दर्ता गरेर सञ्चालन गर्दा राज्यले पनि उचित अनुदानसँगै सेवा सुविधा प्रदान गर्छ।' रोधीँ क्लब कौँड घान्द्रुकका अध्यक्ष लक्षिण गुरुङले घान्द्रुकमा पर्यटन प्रवर्द्धन गर्नका लागि सबै एकजुट भएर अगाडि बढ्न आवश्यक रहेको बताए। तमु प्ये ल्हु संघ घान्द्रुक इकाई समितिका अध्यक्ष प्रेम गुरुङले शान्ति, एकता र मेलमिलापबाट घान्द्रुकको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरे।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुकको तेस्रो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनको अवसरमा चालु आर्थिक वर्ष २०८२/०८३ मा समितिलाई नेपाली पाहुनामार्फत सबैभन्दा बढी शुल्क बुझाउने वर्ल्ड भिलेजका सञ्चालक अमृत प्रसाद गुरुङ र गाइड पोटरमार्फत सबैभन्दा बढी शुल्क बुझाउने होटेल बृज गेष्ट हाउसका सञ्चालक सुवास गुरुङलाई सम्मान गरिएको थियो। यस्तै घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीँ क्लब कौँड घान्द्रुकको संयुक्त आयोजनामा गत फागुन ६ देखि ९ गतेसम्म आयोजना गरेको घान्द्रुक पर्यटन महोत्सव १२ लाख रुपैयाँ बचत गर्न सफल भएको छ। घान्द्रुक पर्यटन व्यवस्थापन समितिको सक्रियतामा घान्द्रुक चक्रीय पदमार्ग, बसपार्क लगायत विभिन्न स्थानमा सिसी क्यामेरा, विद्युत पोलमा लाइट, फोहोर संकलन केन्द्र, बालाचैं पार्क निर्माणसँगै आमासमूह लगायत विभिन्न संघसंस्थाहरूलाई सहयोग गर्दै आएको छ।

नवनिर्वाचित अध्यक्ष विक्रम गुरुङले घान्द्रुकमा आन्तरिक तथा बाह्य पर्यटकहरूको बसाई लम्बाउन थप पर्यटकीय गन्तव्य निर्माणमा ध्यान पुऱ्याउने प्रतिबद्धता जनाए। 'अघिल्लो कार्यकालमा केही अपुरा कामहरू बाँकी छन् त्यसलाई पूर्णता दिन सक्रिय रूपमा लाग्नुपर्ने छ', उनले भने, 'घान्द्रुकमा पर्यटकको बसाई लम्बाउन थप गन्तव्यको पहिचान र प्रवर्द्धन गर्न समेत आवश्यक छ।' अध्यक्ष गुरुङले घान्द्रुकमा १३५ बढी होटल तथा सामुदायिक होमस्टे सञ्चालनमा रहेको बताए। घान्द्रुकमा एक दिनमा २५०० पर्यटक राख्न सक्ने क्षमता रहेको छ।

घान्द्रुकबाट भैंसीखर्क-टाडापानी वनठाटी-देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुकहुँदै टाडापानी-इसर-दोबाटो-मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक, छोम्रोङ हुँदै अन्नपूर्ण बेस क्याम्प समेत जान सकिन्छ।

# तनहुँका सेवाग्राहीको घरमै राहदानी

पोखरापत्र संवाददाता
तनहुँ, ७ बैशाख

जिल्ला हुलाक कार्यालय तनहुँले सेवाग्राहीलाई लक्षित गर्दै घरमै राहदानी पुऱ्याउने सेवा विस्तार गरेको छ।

सरकारी सेवालाई सहज, पहुँचयोग्य र छरितो बनाउने उद्देश्यले सुरु गरिएको यो सेवा पहिलो चरणमा राहदानी वितरणबाट लागू गरिएको हो भने आगामी दिनमा सवारीचालक अनुमतिपत्रसमेत यही प्रणालीमार्फत घरमै पुऱ्याउने तयारी भइरहेको छ।

जिल्ला हुलाक कार्यालयका प्रमुख शिरिष उपाध्यायका अनुसार नेपाल सरकारको 'एक सय शासकीय सुधार' अन्तर्गत २७ नम्बर बुँदामा हुलाक सेवालाई सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने नीति तय गरेसँगै उक्त कार्यक्रम जिल्लामा कार्यान्वयन गरिएको हो। "सरकारको घोषणालाई व्यवहारमा उतार्दै हामीले राहदानी सेवाग्राहीकै घरमा पु-याउने व्यवस्था सुरु गरेका छौँ", उहाँले भन्नुभयो। उहाँका अनुसार सेवा प्रभावकारी बनाउन जिल्लाभर हल्काराहरूको कार्यक्षेत्र निर्धारण गरी जिम्मेवारी बाँडफाँड गरिएको छ। परम्परागत रूपमा चिठीपत्र वितरण गर्दै आएका हल्काराहरूलाई तालिम तथा निर्देशन दिई सरकारी कागजपत्र सुरक्षित रूपमा सम्बन्धित व्यक्तिसम्म पु-याउने व्यवस्था मिलाइएको छ। यसले सेवा वितरणमा विश्वसनीयता कायम गर्ने विश्वास गरिएको उहाँको भनाइ छ। राहदानी सेवाका लागि आवेदन दिने क्रममा नै सेवाग्राहीलाई थप विवरणसहितको अर्को फारम भर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त फारममा सेवाग्राहीको पूर्ण ठेगाना, घर पहिचानका आधार (जस्तै नजिकका चिनारी स्थल), सम्पर्क नम्बर तथा वैकल्पिक सम्पर्क विवरण सङ्कलन गरिन्छ। यसले वितरणका क्रममा देखिने सम्भावित समस्या न्यूनीकरण गर्ने उपाध्यायले बताउनुभयो।

कार्यालयका अनुसार घरमै सेवा पु-याउँदा सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट घट्ने, लाइन बस्ने समस्या कम हुने र समय तथा खर्च दुवै बचत हुने अपेक्षा गरिएको छ। विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रका नागरिकका लागि यो सेवा प्रभावकारी हुने बताइएको छ।

## विश्वविद्यालयमा ...

पार्नुभयो। "हामीले राजनीतिक दलसँग आबद्धता भएका विद्यार्थी सङ्गठनहरू खारेज गर्न निर्देशन दिएका हौँ। अस्पताल, क्याम्पस, विद्यालय जस्ता संस्थामा राजनीति गर्ने होइन। कुनै पनि दलको झण्डा, प्रभाव वा सङ्गठन राख्न दिनुभएन। साँच्चै राजनीति गर्ने हो भने आफ्नो पेसागत जिम्मेवारीबाट अलग हुनुपर्यो र पूर्ण रूपमा राजनीतिमा लाग्नुपर्यो", प्रधानमन्त्री शाहले भन्नुभयो। छलफलमा उपकुलपतिहरूले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता सङ्गठन हटाउन पहल भइरहेको बताउनुभएको थियो। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा धनेश्वर नेपालले विद्यार्थीको राजनीति हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गर्नुभयो।

उहाँले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी सङ्गठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गर्नुभयो। प्रा डा नेपालले भन्नुभयो, "हामीले माथिको निर्देशन पालना गर्न खोज्दा विद्यार्थीले तालबन्दी गर्ने, हामीलाई आक्रमण गर्न जस्ता धम्की आएका छन्, यसबाट असुरक्षित महसुस भएको छ।" जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी सङ्गठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिनुभयो। "विद्यार्थी सङ्गठन खारेज गर्दा तपाईंहरूलाई सुरक्षा संयन्त्रलगायत जे आवश्यक छ त्यसमा सरकारको पूर्ण सहयोग हुनेछ। ढुक्क भएर आफ्नो जिम्मेवारी पूरा गर्नुहोला। प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्नेछ", उहाँले भन्नुभयो।

यस्तै, परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्न निर्देशनसमेत दिनुभयो। उहाँले भन्नुभयो, "शैक्षिक क्यालेन्डरअनुसार पढाउनु पर्यो। एक दिन पनि दायाँबायाँ गर्न भएन।"

छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आवद्ध सङ्गठन खारेज गर्न बाधा नपुर्याउने बताउनुभयो। उहाँले राजनीतिक सङ्गठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा 'स्वतन्त्र विद्यार्थी युनियन' को परिकल्पना गरिए पनि त्यसले दलगत विद्यार्थी भन्ने अर्थ मात्र लाउन नहुने धारणा राख्नुभयो। "मैले विभिन्न विश्वविद्यालयका ऐनहरू हेर्दा पनि यही व्यवस्था स्वतन्त्र विद्यार्थी युनियनको व्यवस्था छ, तर त्यो भनेको कुनै विशेष सङ्गठन नभई विद्यार्थीहरूको आवाज प्रतिनिधित्व गर्ने एउटा स्वतन्त्र संरचना हो। त्यसैले हामीले भनेको 'भ्वाइस अफ स्टुडेन्ट' पनि यही अवधारणाभित्र पर्छ। यस हिसाबले कुनै ऐनले बाधा पुऱ्याउँछ जस्तो लाग्दैन", उहाँले भन्नुभयो,"हामीले तत्काल खारेज गर्न खोजेको राजनीतिक दलसँग आबद्ध विद्यार्थी सङ्गठन हुन्, विद्यार्थीको आवाज बोल्ने स्वतन्त्र विद्यार्थी युनियनजस्ता संस्थालाई होइन।" छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा दिपक अर्यालले जेन्जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी सङ्गठन निस्कृय बन्दै गएको बताउनुभयो। मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्रा डा ध्रुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचारीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आङ्गिक क्याम्पसमा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताउनुभयो। पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा विजुकुमार थपलियाले आङ्गिक क्याम्पसहरूमा विद्यार्थी समूहले राजनीति गरिरहेको बताउनुभयो। सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा हेमराज पन्तले थपलियाको कुरामा सहमति जनाउनुभयो। अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्ना संस्थाहरूमा विद्यार्थी र कर्मचारीहरू राजनीति गतिविधिबाट टाढा रहेको उल्लेख गर्नुभयो। उहाँहरूले विश्वविद्यालय र प्रतिष्ठान कडाइका साथ प्रस्तुत भएमा कुनै पनि बहानामा राजनीति नहुने धारणा राख्नुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ८६ मा उल्लेख भएअनुसार विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउन एवं राजनीतिक दलका भातृ सङ्गठनका रूपमा विश्वविद्यालयमा स्थापना भएका विभिन्न विद्यार्थी सङ्गठनका गतिविधि निस्तेज गर्न यसअघि नै निर्देशन दिइसकेको छ।

सरकारको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न विद्यालय, विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउने उल्लेख गरिएको छ। यस्ता संरचना हटाई 'विद्यार्थी परिषद्/विद्यार्थीको आवाज' संयन्त्रको विकास गर्ने उल्लेख छ।

# मुस्ताङमा पन्ध्र दिने 'राष्ट्रिय मूर्तिकला कार्यशाला' सुरु

रासस
काठमाडौं, ७ बैशाख

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान काठमाडौंको सहकार्य तथा घरपझोङ गाउँपालिका, मुस्ताङको आयोजनामा आजदेखि 'घरपझोङ राष्ट्रिय मूर्तिकला कार्यशाला-२०८३' सुरु भएको छ।

सो क्षेत्रमा बडेमान ढुङ्गा खोपेर कलाकारले विभिन्न मूर्तिका आकार दिनेछन्। जसले आकर्षक पर्यटकीय क्षेत्र मुस्ताङका लागि कला पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ। कलाकारहरुले सो क्षेत्रमा १५ दिन बसेर ढुङ्गालाई मूर्तिमा ढाल्ने छन्।

प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले कार्यशालाबाट सिर्जना हुने मूर्तिकलामा घरपझोङको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिकलगायतका विविध विषय समेटिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामीले घरपझोङमा विभिन्न आकारका ढुङ्गाहरूलाई मूर्तिको रूप दिने छौं।

मुस्ताङको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा यस कार्यशालाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।" कार्यशालाको उद्घाटन गर्दै घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले घरपझोङको समृद्धिमा कृषि र पर्यटनसँगै ललितकला पनि जोडिएको बताउनुभयो। उहाँले भन्नुभयो, 'तपाईंहरूले यहाँको ऐतिहासिक विषयवस्तुमा आधारित रहेर कला सिर्जना गर्नुहुने छ, यो ठाउँ हिन्दु र बौद्ध धर्मावलम्बी दुवैको सङ्गमस्थल भएकाले यहाँ रहेका पवित्रस्थानसम्बद्ध विषयमा कला सिर्जना गर्दै इतिहास रच्ने मौका रहेको छ।" १५ दिनसम्म सञ्चालन हुने कार्यशालामा ३० कलाकारको सहभागिता रहेको छ।

# छोरेपाटन मा.वि.मा होटल व्यवस्थापनको पढाइ हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

पोखरा १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयले आगामि शैक्षिक सत्रदेखि होटल व्यवस्थापन समूह (एचएम्) तर्फको पढाइ सुरु गर्ने भएको छ।

त्यसका लागि विद्यालयले तयारी अन्तिम चरणमा पुऱ्याएको छ।जसका लागि सुरुमा कक्षा ११ तर्फ ४० जना विद्यार्थी भर्ना गरिने प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालले जानकारी दिनुभयो।

पोखरा पर्यटकीय शहर हो, यहाँ वर्षिनी लाखौं पर्यटक घुम्नका लागि आउनुहुन्छ, यहाँको भौगोलिक सुन्दरताले पनि पर्यटकको मन लोभ्याएकै छ, वि.एच.एम्लाई पनि मध्येनजर गरी कक्षा ११, १२ तर्फ यस वर्षदेखि पठनपाठन सुरु गर्दैछौं प्रधानाध्यापक भुषालले भन्नुभयो। एचएम्मा विद्यार्थीको आकर्षण राम्रो छ, एचएम् उत्तीर्ण विद्यार्थी खाली बस्नु पनि पर्दैन उहाँले भन्नुभयो। हामीले होटल व्यवस्थापनको महत्व बुझेर तथा विद्यार्थी र अभिभावकको




माग अनुसार नै पठनपाठन सुरु गर्न लागेका छौं प्रधानाध्यापक भुषालले स्पष्ट पार्नुभयो।

यसका साथै छोरेपाटन विद्यालयमा बालविकासदेखि कक्षा १० सम्म र कक्षा ११, १२ तर्फ विज्ञान, शिक्षा, व्यवस्थापन र सामाजिक समूहको पठनपाठन हुँदै आएको छ। चालु शैक्षिक सत्रतर्फ त्यहाँ सबै कक्षा र समूहमा गरी कुल २ हजार ३ सय बढी विद्यार्थी अध्ययन गर्दछन्।

विद्यालयले अनुभवि शिक्षकबाट गुणस्तरीय, सर्वसुलभ शिक्षा दिने उद्घोष पनि गरेको छ। हामी प्रविधीमैत्री पनि छौं, हप्तैपिच्छे अतिरिक्त एवम् सहक्रियाकलाप पनि हुँदै आएका छन्। त्यसको दर आगामी दिनमा अझै बृद्धि हुने सहायक प्रधानाध्यापक खेमराज बराललले बताउनुभयो। त्यहाँ एचएम् पढाइ संचालनसँगै त्यस क्षेत्र अन्तर्गत पर्ने छोरेपाटन, विरौटा, पुम्दीभुम्दी, कृस्ती, निर्मलपोखरी लगायतका स्थानबाट होटल व्यवस्थापन अध्ययनका लागि विद्यार्थी बाहिर जानुपर्ने बाध्यता अन्त्य हुने अर्का सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले विश्वास व्यक्त गर्नुभयो। छोरेपाटन माध्यमिक विद्यालय पोखरा क्षेत्रमै धेरै विद्यार्थी अध्यापन गराउने नमूना शैक्षिक संस्था अन्तर्गत पर्दछ।

# रास्वपाको महामन्त्रीमा शाह मनोनित

रासस
काठमाडौं, ७ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महामन्त्रीमा भूपदेव शाह मनोनित हुनुभएको छ। रास्वपाको सोमबार बसेको केन्द्रीय समितिको बैठकले पार्टीको सचिवालय सदस्यमा सागर ढकाल र सरिता श्री ज्ञवाली मनोनित गरेको हो। त्यसैगरी, पार्टीको केन्द्रीय सल्लाहकार परिषद्मा जीवनप्रभा लामा, मोतीप्रसाद पङ्गाली, हरिप्रसाद पाण्डे र विष्णुहरि शर्मा नियुक्त हुनुभएको पार्टीका प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।

बैठकले सङ्घीय नेतृत्व मञ्चमा तुलसीप्रसाद चौधरी, रामसिंह थारु, जीवन धामी, प्रेमा चौधरी, नवराज राणा र एकराज चौधरीलाई मनोनित गरेको छ। बैठकमा सभापति रवि लामिछाने प्रस्ताव गर्नुभएको उक्त प्रस्तावहरु केन्द्रीय समितिबाट अनुमोदन गरिएको हो। रास्वपाले विद्यमान लेबीको व्यवस्था परिमार्जन गर्दै सांसदको १५ हजार रुपैयाँ, मन्त्रीको १८ हजार रुपैयाँ र स्वकीयको दुई हजार रुपैयाँ कायम गरेको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

**सम्पादकीय**

# अव्यवहारिक नीति नसमाऊ

भारतबाट एक सय रुपैयाँभन्दा बढी मूल्यमा खरिद गरिएका सामानमा भन्सार महसुल अनिवार्य गर्न थालिएपछि सीमावर्ती नाकामा तनाव बढेको छ। भन्सार कार्यालय अगाडि नाकामा खटिएका जाँचकीले सर्वसाधारणको झोला खानतलासीलाई तीव्रता दिएका छन् । यसक्रममा सामान खोसाखोस/तानातान चल्ने गरेको छ,।नाकाहरुमा  बेला-बेला झडप पनि हुने गरेको छ। रोचक त एक दर्जन केरा पनि ल्याउदा पनि रोकेका दृश्यले राज्य कुन शैलीबाट चल्दैछ भन्ने संकेत गरेको छ। सीमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानको भन्सार महसुल चुक्ता गरेर मात्र भित्र्याउन माइकिङ गरिरहेका छन्। झोला खानतलासी गर्ने क्रममा सुरक्षाकर्मीले अभद्र व्यवहार गरेको गुनासो पनि सर्वसाधारणले गर्न थालेका छन्। सिमामा बसेर दैनिक गुजारा चलाउने प्रभावित भएका छन ।

नाकामा कडाइ गरिएपछि सामान किनमेल गर्न सीमापारि जाने क्रम घट्न थालेको छ। सीमावर्ती भारतीय बजार सुनसान हुँदै गएका छन्। नाकामा गरिएको कडाइलाई कतिपय नेपाली व्यापारीलाई व्यापार बढ्ने आशा लागेको छ। अहिलेको जमानामा  एक सय रुपैयाँको सीमा अव्यावहारिक रहेको सत्तारूढ सांसदहरूले भन्न थालेका छन । वीरगन्जस्थित नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरीले गत बुधबारदेखि नै माइकिङ गरेर सर्वसाधारणलाई १ सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार शुल्क तिर्नुपर्ने नयाँ नियमबारे जानकारी गराइरहेको छ। शुक्रबारबाट सर्वसाधारणलाई १ सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार शुल्क तिर्न लगाइरहेको छासबैभन्दा धेरै भन्सार उठ्ने नाका वीरगन्ज हो ।

भारतबाट भित्रिने अन्य वस्तुको तत्काल भन्सार सहज भए पनि चामलको हकमा समस्या भएको भुक्तभोगीको अनुभव छ। वीरगन्ज भन्सारमा खाद्य क्वारेन्टाइन रहे पनि जनशक्ति अभाव र कर्मचारीले चामलको तत्काल परीक्षण गर्न नसक्ने भएकाले समस्या भइरहेको छ। सुदूरपश्चिमको कञ्चनपुरको गड्डाचौकी भन्सारको ब्यारियरमा बिहीबारदेखि एक सयभन्दा बढी मूल्य बराबरका मालसामान भारतबाट ल्याउनेले अनिवार्य मूल्य घोषणा गरी राजस्व बुझाउनुपर्ने जानकारी दिने गरिएको छ। सरकारले आर्थिक वर्ष २०६६/०६७ मा पनि एक सय रुपैयाँभन्दा बढीको मालवस्तु संक्षिप्त करबिजकअन्तर्गत भन्सार महसुल काट्न सुरु गरेको थियो। 'सबै मालवस्तु भन्सार शुल्क तिरेर आयात गर्नुपर्छ भन्ने मान्यता हो, त्यहीअनुसार यो विगतदेखिकै व्यवस्था लागू गरिएको हो ।

सबै वस्तुको भन्सार तिर्न थाले राजस्व संकलनमा वृद्धि हुने र सानोतिनो किनमेलका लागि पनि भारत जाने चलन कम हुने सरकारको दावी छ। 'भारतबाट घरायसी सामान किनमेल गरेर ल्याउने चलन विगतदेखि छ ।, त्यसलाई रोक्न खोज्दा चौतर्फी दबाब झेल्नुपर्छ'। यसले नागरिकलाई हैरान मात्र बनाउने र यसैमा टेकेर भारतले कार्यान्वयन हुन नसक्ने बनाउन सक्छ। सरकारले सम्पूर्ण पक्षको विश्लेषण गरेर मात्र निर्णय कार्यान्वयन हुन सक्छ। हतारमा गरिने निर्णयबाट पछाडि फर्कनु परेमा कस्तो हुन्छ भन्ने ख्याल गर्न उत्तिकै आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# युएईसँगको खेलमा नेपाल पराजित

**रासस**
काठमाडौं, ७ बैशाख

संयुक्त अरब इमिरेट्स (युएई) विरुद्धको टि ट्वान्टी अन्तरराष्ट्रिय शृङ्खलाको पहिलो खेलमा नेपाल पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि खेलमैदानमा आज सम्पन्न खेलमा नेपाल यूएईसँग ६ विकेटले पराजित भएको हो । खेलमा वर्षा बाधक बनेपछि यूएईले 'डिएल मेथड'का आधारमा १० ओभरमा ७८ रनको लक्ष्य पाएको थियो । जवाफमा युएईले ८.५ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

युएईका लागि कप्तान मोहम्मद वसीमले १५ बलमा ३३ रनको बनाए । त्यस्तै अलीशान शरफुले १८ रन बनाए भने अक्षदिप नाथले अविजित १७ रन जोड्दै टोलीलाई जित दिलाए । नेपालका लागि सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै २ ओभरमा ८ रन खर्चेर ३ विकेट लिए। त्यस्तै कुशल मल्लले एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले १८.५ ओभरमा ८ विकेट गुमाउँदै १२२ रन बनाएको थियो । नेपालका लागि कप्तान दीपेन्द्र सिंह ऐरी ३५ बलमा अविजित ३२ रन बनाए । कुशल मल्लले १७ रन, कुशल भुर्तेलले १६ रन तथा बासिर अहमदले १४ रनको योगदान दिए । अन्त्यतिर नन्दन यादवले २ छक्कासहित १३ रन जोड्दै स्कोर उकासेका थिए।

यूएईका लागि मोहम्मद जुहैबले ३ विकेट लिए भने जुनैद सिद्दिकीले २ विकेट हात पारे । नेपालको इनिङ्सपछि वर्षा सुरु भई खेल रोकिएको थियो । यससँगै यूएईले सिरिजमा १-० को अग्रता बनाएको छ। अब भोलि नेपाल र युएईबीचको दोस्रो खेल हुनेछ।

# तराईमा बढ्दै तापक्रम, नेपालगन्जमा ४० डिग्री नाघ्यो

**रासस**
काठमाडौं, ७ बैशाख

नेपालमा कतै भारी वर्षा भइरहँदा तराईमा भने तापक्रम बढ्दो क्रममा छ । तातो अझै बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका मौसमविद् सरोज पुडासैनीका अनुसार मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभाग साथै उपत्यका र खोँचहरूमा तातो दिन तथा सुदूर पश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पश्चिमी तराईमा तातो लहर चल्ने सम्भावना रहेको बताउनुभयो । विभागको अद्यावधिक सूचना हेरेर आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ । विभागमा आज साँझ प्राप्त विवरणअनुसार सबैभन्दा बढी नेपालगन्जमा अधिकतम तापक्रम ४०.३ डिग्री मापन भएको छ । हिजो नेपालगन्जमा ३९ डिग्री मापन गरिएको थियो। दिपायलमा पनि ४० डिग्री तापक्रम मापन भएको छ । दिपायलमा हिजो ३८.८ डिग्री मापन गरिएको थियो । हिजो धनगढीमा ३८.२ डिग्री तापक्रम रहेकामा आज बढेर ३९.४ डिग्रीमा पुगेको छ । काठमाडौँमा हिजो २८.४ रहेकामा आज बढेर २९ डिग्री मापन गरिएको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रका केही ठाउँहरूमा भने वर्षा पनि भइरहेको छ । केही जिल्लामा भारी वर्षासमेत भएको छ। कास्कीमा ५७.४ र सिन्धुपाल्चोकमा ६८.४ मिलीमिटर वर्षा भएको छ । यस्तै गोरखा, लमजुङ, सोलुखुम्बु खोटाङ, धनकुटा, सङ्खुवासभामा मध्यम वर्षा भएको छ भने अन्य धेरै स्थानमा हल्का वर्षा भएको छ।

अहिले नेपालमा पश्चिम क्षेत्रमा भन्दा पूर्वमा मौसम परिवर्तन भएको छ। भोलि सोमबार कोशी प्रदेशलगायत बाँकी पहाडी र हिमाली भूभागमा साधारणतया बादल लाग्ने र तराई भूभागमा आंशिक बादल लाग्ने विभागले आज साँझ जारी गरेको बुलेटिनमा उल्लेख छ।

# १० औं पोखरा स्पोर्टस अवार्डलाई टेम्पल बेल बुटिक होटल र प्लाजा होटल ग्रूपको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा हुने १० औं पोखरा स्पोर्टस अवार्डको हस्पिटालिटि पार्टनरमा टेम्पल बेल बुटिक होटल र प्लाजा होटल ग्रूपले साथ दिने भएका छन ।

आगामी वैशाखको १८ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डको हस्पिटालिटी पार्टनरमा रहेर पोखराको लेकसाईडमा रहेको फोर स्टार डिलक्स हेरिटेज टेम्पल बेल बुटिक होटल एण्ड स्पा र काठमाण्डौको नक्सालस्थित होटल क्राउन प्लाजाले साथ दिने भएका छन। हस्पिटालिटी पार्टनरको लागि फोर स्टार डिलक्स हेरिटेज टेम्पल बेल बुटिक होटल एण्ड स्पाका सञ्चालक विश्वराज पौडेल र प्लाजा होटल ग्रूपका अध्यक्ष युवराज श्रेष्ठ बीच नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्थाले सम्झौता गरेका छन। सो अवसरमा वोल्दै फोर स्टार डिलक्स हेरिटेज टेम्पल बेल बुटिक होटल एण्ड स्पाका सञ्चालक विश्वराज पौडेलले खेलाडीलाई सम्मान गर्ने गण्डकी प्रदेशको गौरवको कार्यक्रम संग टेम्पल बेलले सहकार्य गर्न पाउदा खुसी लागेको बताए । खेलकुद क्षेत्रमा कलम चलाउने पत्रकारहरुको संस्थाले खेलाडीहरुको सम्मान गर्ने काम आफैमा महान कार्य भएको उनको भनाइ रहेको थियो।

त्यस्तै प्लाजा होटल ग्रूपका अध्यक्ष युवराज श्रेष्ठले खेल क्षेत्रलाई समेटेर आयोजना हुन लागेको कार्यक्रमको सफलताको कामना गर्दै प्लाजा होटल ग्रूपले समेत पोखरा स्पोर्टस अवार्डमा सहकार्य गर्न पाउदा खुसी लागेको बताए । मञ्चका अध्यक्ष एमबी आस्था मगरले पोखरा स्पोर्टस अवार्ड कार्यक्रमलाई सभ्य र भब्य बनाउन सहयोगी हातहरु खोज्ने क्रममा हस्पिटालिटी पार्टनरको रुपमा पोखराको टेम्पल बेल होटल र काठमाण्डौको प्लाजा होटल ग्रूप संग जोडिन पुगेको बताए । गण्डकी क्षेत्रमा रहेको खेलकुदको गतिविधीहरुलाई समेटेर आयोजना गरिने पोखरा स्पोर्टस अवार्डमा हस्पिटालिटी पार्टनरको समेत महत्वपूर्ण आवश्यक रहने र त्यसमा सहयोग गर्ने दुवै होटल सञ्चालक प्रति उनले आभार समेत प्रकट गरे।

आगामी वैशाख १८ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिदै छ।

# मुनश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस : यू९ ब्वाइजतर्फ सर्वज्ञ बने विजेता

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख




कास्की जिल्ला टेनिस संघको आयोजनामा भइरहेको पाँचौं मनुश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताको तेस्रो दिन रोमाञ्चक खेलहरु सम्पन्न भएका छन् । प्रतियोगितामा विभिन्न उमेर समूहका क्वाटरफाइनल र सेमिफाइनल खेलहरु सम्पन्न भएका हुन्।

प्रतियोगिताको तेस्रो दिन यू-९ ब्वाइजतर्फ एकमात्र फाइनल खेल भएको प्रतियोगिताका टेक्निकल डाइरेक्टर कुमार अधिकारीले जानकारी दिएका छन् । यू-९ ब्वाइजतर्फ सर्वज्ञ खत्री विजेता बनेका छन्। उनले फाइनलमा कायान चालिसेलाई ५-३, ५-४, ७-५ ले पराजित गरे । यू-१४ गर्ल्स सिंगल्स क्वाटरफाइनलमा स्वरा थापाले आर्या पौडेललाई ६-४, ६-२ ले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरिन् । यू-१६ ब्वाइज सिंगल्स सेमिफाइनलमा सन्दीप बि.के.ले सुरेन्द्र बि.केलाई कडा प्रतिस्पर्धामा ५-७, ७-५, ६-४ ले हराउँदै फाइनल यात्रा तय गरे।

यू-१० ब्वाइजतर्फ कायान चालिसेले आयान पन्तलाई ६-०, ६-१ को एकतर्फी जित निकाल्दै फाइनलमा प्रवेश गरे । त्यस्तै, यू-१२ ब्वाइज सिंगल्समा वेदान्त चालिसेले सभ्यजङ्ग कार्कीलाई २-६, ६-४, ६-४ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाए।

आरित मल्लले यू-१२ ब्वाइजतर्फ उत्कृष्ट प्रदर्शन गर्दै शान्श बस्नेतलाई ६-१, ६-१ ले हराए । यू-१२ गर्ल्सतर्फ सारा पन्ताले थिया श्रेष्ठलाई ६-२, ६-२ ले पराजित गर्दै अगाडि बढिन् । यू-१२ गर्ल्स सेमिफाइनलमा नाइरा घलेले ताभिसी रानालाई ६-०, ६-४ ले हराइन् भने यू-१० ब्वाइज सेमिफाइनलमा सोनाम घलेले जीवाश भट्टराईमाथि ६-१, ६-३ को जित निकाल्दै फाइनलमा स्थान बनाए। यू-१६ ब्वाइज सेमिफाइनलमा स्पन्दन उदासले डोजन गुरुङलाई ६-२, ७-५ ले पराजित गर्दै फाइनलमा प्रवेश गरे । यू-१४ गर्ल्स सेमिफाइनलमा सारा पन्ता र शोरा थापा दुवैले सोझो सेटमा जित निकाल्दै फाइनल नजिक पुगे । यहि बैशाख ५ गतेबाट सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल भोली (मंगलबार) हुने प्रतियोगिताका संयोजक लोक बहादुर गुरूङले जानकारी दिएका छन्। प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहका ब्वाइज तथा गर्ल्सतर्फ सिंगल्स र डबल्स गरी कुल १६ इभेन्टमा प्रतिस्पर्धा भएको हो । प्रतियोगितामा कास्कीका १५ जना खेलाडीसहित ९० खेलाडीको सहभागिता रहेको छ।

प्रतियोगिताको मुख्य प्रायोजन कुमार मोहनबहादुर शाहीले गरेका छन् । उनले आफ्ना नाति-नातिनीको नाममा यस प्रतियोगितालाई विगत पाँच वर्ष देखि प्रायोजन गर्दै आएको प्रतियोगिताका संयोजक गुरूङले जानकारी दिए।

# सडकको पहुँचमा 'नाचै'

**पोखरापत्र संवाददाता**
मनाङ, ७ बैशाख

मनाङका नार्सौं गाउँपालिका-२ नाचै गाउँमा पहिलो पटक सडकको पहुँच पुगेको छ। गण्डकी प्रदेश सरकार र स्थानीय सरकारबाट बजेट विनीयोजन भएपछि गाउँसम्म पुग्ने सडकको ट्रयाक खोलिएको हो।

डुम्रे-बेसीसहर-चामे सडकअन्तर्गत मनाङको नार्सौं गाउँपालिका-३ खोत्रोपाखाको भीर कटान गरी सडकको ट्र्याक खोलिएको नार्सौं-२ का वडाध्यक्ष रवि गुरुङले जानकारी दिनुभयो । खोत्रो-नाचै मोटर मार्गको ट्र्याक खोलेर पहिलो पटक गाउँमा सडक पुगेकामा स्थानीयवासी खुसी भएका छन् । प्रतिनिधिसभा सदस्य एवम् पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङले चीनको तिब्बतको सीमानासँग जोडिएको रुइलाभञ्ज्याङ जोड्ने सबैभन्दा छोटो (७२ किलोमिटर) दुरीमा यस मार्गको विकास गर्न नसकिएको बताउनुभयो। यसको विकासमा पहलकदमी गरिरहेको र योजनाअनुरुप नाचै गाउँलाई सडक सञ्जालसँग जोडिदा खुसी लागेको बताउनुभयो । पर्यटक तथा व्यापारीका लागि सहज बनाउन बनाउन रुइला भञ्ज्याङसम्मको सडक विस्तार गर्नुपर्ने सांसद गुरुङले बताउनुभयो । सङ्घीयतापछि गाउँगाउँमा सेवा प्रवाह गर्ने लक्ष्यअनुसार नै विकासकार्यले प्राथमिकता पाएको उहाँको भनाइ छ। "गाउँलाई सडकको ट्र्याक मात्रै खोलेर पुग्दैन । यसलाई कालोपत्र गर्न आवश्यक छ । मैले सङ्घीय सरकारसँग समन्वय गर्ने काम गर्छु", सांसद गुरुङले भन्नुभयो, "यसका साथै लालुपाते जलविद्युत् आयोजना निर्माण गर्दा नाचै गाउँ प्रभावित क्षेत्र हो। सडक ढलान, ट्राफिक चिन्ह, गार्ड रेल राखी यस सडकलाई सुरक्षित बनाउन आयोजनाले उत्तरदायित्व पुरा गर्नेछ भनेर अपेक्षा गरेका छौँ।" सडकको पहुँचसँगै गाउँलाई ग्रामीण पर्यटनको रूपमा विकास गर्दै यहाँ रहेको अग्लो ताम्राङ झोलुङ्गे पुल (पानीको सतहदेखि ४१२ मिटर उचाइ) को प्रवर्द्धन गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो।

सांसद गुरुङले भन्नुभयो, "मनाङको मुख्य आयस्रोत कृषि र पर्यटन हो।" समुद्री सतहबाट चार हजार १०० मिटर उचाइमा अवस्थित ड्रोना ताललाई पर्यटकीय गन्तव्य बनाएर आयआर्जनसँग जोड्न सकिने उहाँको भनाइ छ । सडक सञ्जालले जोडिएपछि यस क्षेत्रमा विद्युतीकरण, सञ्चारको पहुँच, स्वास्थ्य, शिक्षाका साथै स्वरोजगारीमा टेवा पुग्ने बताइएको छ। गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले सबै क्षेत्रको विकासका लागि एकैसाथ बजेट विनीयोजन गर्न सकस भए पनि एउटा स्थानको विकासपछि अर्कोतर्फ विकासमा प्राथमिकता दिएको बताउनुभयो । गण्डकी प्रदेश सरकारबाट रु एक करोड ९१ लाख बजेट विनीयोजन भएको नार्सौं गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाबाट समपुरक र पूर्णअनुदानमा गरी रु एक करोड ५८ लाख विनीयोजन गरी नाचै गाउँलाई सडकसँग जोड्न सकिएको हो।

सडकको ट्र्याक खोल्न २०८१ फागुनमा आँखे कुटु कन्स्ट्रक्सन एण्ड प्रालिसँग सम्झौता गरिएको हो। सडकको ट्र्याकमा मर्स्याङ्दी नदीमाथि ड्रोना खोला जलविद्युत् आयोजना (लालुपाते जलविद्युत् आयोजना)ले रु १५ लाखमा बेलीब्रिज निर्माण गरेको छ । सडक निर्माण भएपछि नाचै गाउँमा उत्पादन हुने कृषि उपज मुख्य सडकमा ल्याएर गन्तव्यमा ढुवानी गर्न सहज हुने छ।

## सार्वजनिक सूचना

कास्की जिल्ला, पोमनपा १३ बस्ने देउ काजी गुरुङको नाति प्रेमकाजी गुरुङको छोरा उमेश काजी गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १३ कसेरी स्थित को कित्ता नं. ४०२५ को क्षेत्रफल १५३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ बाटो, पूर्व तर्फ कि. नं. ४०२९, ४०३०, उत्तर तर्फ कि.नं. ३९८० र दक्षिण तर्फ कि. नं. ४०२६ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# बिदाको समय सदुपयोग गर्दै बालबालिकालाई सारङ्गी सिकाइँदै

पोखरापत्र संवाददाता
स्याङ्जा, ७ बैशाख

विद्यालय बिदाको समयलाई सदुपयोग गर्दै यहाँका बालबालिकालाई सारङ्गी बजाउन सिकाइँदै छ। जिल्लाको पुतलीबजार नगरपालिकाअन्तर्गत विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकालाई ज्येष्ठ नागरिकले मौलिक बाजा सारङ्गी बजाउन सिकाउन थालिएको हो । गण्डकी प्रदेश सरकारअन्तर्गत एकीकृत सेवा कार्यालय स्याङ्जाले ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप र अनुभव अन्तरपुस्तामा हस्तान्तरण गर्ने कार्यक्रमअन्तर्गत बालबालिकालाई सीप सिकाउन थालिएको हो । एकीकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले विशेष गरी गन्धर्व जातिको मौलिक बाजाका रूपमा रहेको सारङ्गी नेपाली संस्कृति र परम्पराको अमूल्य सम्पत्ति भएकाले यसको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका



लागि अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो । "आधुनिकतासँगै परम्परागत र मौलिक बाजाको रूपमा रहेको सारङ्गीप्रति नयाँ पुस्ताको आकर्षण घटिरहेको देखिन्छ", उहाँले भन्नुभयो, "त्यसैले नयाँ पुस्तालाई सारङ्गीको महत्त्वबारे जानकारी दिएर यसको संरक्षण गर्ने उद्देश्यले सीप हस्तान्तरण अभियान अगाडि बढाएका हौँ ।" स्थानीय सूर्यमान गन्धर्व सारङ्गी बजाउने सीप हस्तान्तरण गर्नु कला सिकाउनु मात्र नभई संस्कृति, पहिचान र मूल्यलाई जोगाउने महत्त्वपूर्ण कार्य भएको बताउनुहुन्छ । पुरानो पुस्तामा रहेको सीप, कलाबारे नयाँ पुस्ताले चासो नदिए लोप भएर जाने जोखिमका कारण आफूले पनि बालबालिकालाई प्रशिक्षित गरिरहेको उहाँको भनाइ छ।

गन्धर्वले भन्नुभयो, "हाम्रो मौलिकता र पहिचानसँग जोडिएको बाजाको संरक्षण गर्ने दायित्व सबैको हो। मौलिकता, कला संस्कृति अनि पहिचानको संरक्षणका लागि पनि सारङ्गी बजाउने सीप हस्तान्तरणले महत्त्वपूर्ण भूमिका खेल्नसक्छ।"

स्याङ्जा उच्च माविमा कक्षा ७ मा अध्ययनरत जीविका परियार पनि यतिबेला सारङ्गी बजाउने सीप सिक्दै हुनुहुन्छ। विद्यालय बिदाको समयको सदुपयोग गर्दै आफूले ज्येष्ठ नागरिकबाट मौलिक साङ्गीतिक बाजा सारङ्गी बजाउन सिकिरहेको उहाँले बताउनुभयो । "पहिला-पहिला अरुले बजाएको बेला सारङ्गी धुन सुन्ने गरेको थिए, हाल आफैँले सिकेर विभिन्न थरीका धुन निकाल्न पाउँदा निक्कै खुसी लागेको छ", परियारले भन्नुभयो । यस्तै, स्याङ्जाको त्रिभुवन आदर्श माध्यमिक विद्यालयमा अध्ययनरत सुशान्त गन्धर्व सारङ्गीमा विभिन्न धुन बजाउन सिक्दै हुनुहुन्छ। आफ्नो मौलिक बाजा बजाउने सीप सिक्न पाउँदा रमाइलो र खुसी लागेको उहाँले सुनाउनुभयो । पुतलीबजार नगरपालिकाको लाम्पाटामा सञ्चालन भइरहेको भइरहेको १० दिने सीप हस्तान्तरण अभियानमा २० जना बालबालिका सहभागी छन् । उनीहरूले गन्धर्व जातीका कर्खा, सवाई, चरित्त, चाँचरी, मङ्गलधुन, बाहृमासे र घटनाप्रधान गीतमा सारङ्गी बजाउन सिकिरहेका छन्।

# गण्डकी गोपाल गौशालामा थपिए पूर्वाधार

पोखरापत्र संवाददाता
पर्वत, ७ बैशाख

यहाँको जलजला गाउँपालिका-७ धाइरिङमा रहेको गण्डकी गोपाल गौशालामा धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माण गरिएका छन्। गौशालालाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने लक्ष्यसहित सङ्घीय सरकार र स्थानीय जलजला गाउँपालिकाको करिब रु साढे चार करोड बराबरको संयुक्त लगानीमा संरचना निर्माण गरिएका हुन् । गाउँपालिका र सङ्घीय सरकारको ५०/५० प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०८०/८१ मा विनियोजित रु एक करोड २५ लाख ८५ हजार २३२ बजेटबाट धर्मशाला, हवनकुण्ड, कुटी, ध्यानकुटी, सभाहललगायतका संरचना निर्माण गरिएका थिए । आव २०८१/८२ मा सङ्घीय सरकारको करिब रु तीन करोड समपूरक अनुदानमा आश्रमस्थल, सभाहल, थप ध्यानकुटी र मन्दिरलगायत संरचना निर्माण गरिएको गाउँपालिकाका इन्जिनियर सुनिल बानियाँले जानकारी दिनुभयो। योजना कार्यान्वयनका लागि सुनामी एसएण्डएस जेभीसँग विसं २०८१ पुस ४ गते रु दुई करोड २० लाखमा ठेक्का सम्झौता गरिएको थियो । यही



असार १५ भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। यहाँ करिब चार सय जना अटाउने सभाहल, मन्दिर, चारवटा ध्यान केन्द्र, सत्तल, हवनकुण्ड, परिसरमा ढुङ्गा छपाइ तथा शौचालयलगायत संरचना निर्माण सम्पन्न भएका गाउँपालिकाका इन्जिनियर बानियाँले बताउनुभयो।

स्थानीय जातका गाईको संरक्षण गर्दै आएको गौशाला क्षेत्रलाई तीर्थस्थल तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माण गरिएको गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । यहाँ निर्माण गर्न बाँकी केही संरचना गाउँपालिकाले थप बजेट विनियोजन गरी सम्पन्न गर्ने उहाँले जानकारी दिनुभयो । गौशाला, वराह शिवालय र प्रसिद्ध धार्मिकस्थल भुमेठाकुरलाई धार्मिक 'सर्किट'का रूपमा जोडेर धार्मिक पर्यटन प्रवर्द्धन गर्ने योजना रहेको अध्यक्ष आचार्यले बताउनुभयो । विसं २०७१ मा मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको सङ्कल्पमा स्थानीयवासीको सक्रियतामा आठ वटा गाईबाट सुरु गरिएको गौशालामा हाल ५० भन्दाबढी गाई छन् । यसअघि गौ महोत्सवबाट संकलित रकम र प्रदेश तथा स्थानीय सरकारको बजेटबाट पनि केही संरचना निर्माण भइसकेका छन्।

गौशालाको समग्र विकासका लागि करिब रु १२ करोड बराबरको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पारिएको छ । गौशालामा व्यवस्थित पूर्वाधार विकास गरी प्रचारप्रसार गर्न सके मुक्तिनाथ दर्शनका लागि आउने भारतीय पर्यटकलाई आकर्षित गर्न सकिने स्थानीय दिपक आचार्यको भनाइ छ । यहाँबाट पर्वत, म्याग्दी र बागलुङका रमणीय दृश्य अवलोकन गर्न सकिने उहाँले जानकारी दिनुभयो।

# मानहुँकोटमा पर्यटकको चहलपहल बढ्यो

पोखरापत्र संवाददाता
तनहुँ, ७ बैशाख

सरकारले हप्तामा दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था गरेसँगै व्यास नगरपालिका-५ स्थित पर्यटकीय गन्तव्य मानहुँकोटमा आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ।

बिदाको समयमा घुम्ने संस्कृतिको विकासले गर्दा अहिले मानहुँकोटमा विगतको तुलनामा बढी पर्यटक बढ्न थालेका हुन् । पर्यटकको चाप बढेपछि स्थानीय होटल व्यवसायी उत्साहित भएका होटल भ्यू टावरका सञ्चालक प्रेमबहादुर राउतले जानकारी दिनुभयो । बिदाका दिनमा पाहुनाले होटल भरिभराउ हुने गरेका छन् । उहाँले भन्नुभयो, "यतिबेला पर्यटकको मुख्य याम त होइन, तर दुई दिने बिदाले पहिलेभन्दा तेब्बर बढी पर्यटक



मानहुँकोट आउन थालेका छन्, पाहुनाको आगमनले हामीलाई उत्साहित बनाएको छ ।" सदरमुकाम दमौलीबाट मात्र ६-७ किलोमिटरको दुरीमा रहेकाले पनि मानहुँकोटमा पर्यटकको सङ्ख्या बढाउन सहज भएको व्यवसायीको भनाइ छ। व्यवसायी राउतले मानहुँकोटमा खानेपानीको अभाव रहेको बताउँदै प्रतिलिटर डेढ रुपियाँमा पानी किनेर व्यवसाय चलाउनुपर्ने बाध्यता रहेको दुखेसो सुनाउनुभयो। यस स्थानमा जाने सडकको अवस्था सुधार गर्न र पानीको दीर्घकालीन रूपमा समस्या समाधान गर्न आवश्यक भएको व्यवसायी चूडामणि दाहालले बताउनुभयो।

व्यास नगरपालिकाले मानहुँकोटको पर्यटन विकासलाई प्राथमिकतामाराखेरकामगरिरहेको छ। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले मानहुँकोटको प्रचारप्रसारका लागि मानहुँकोटदेखि पुलिमऱ्याङसम्म 'अल्ट्राम्याराथन' दौड जस्ता प्रतियोगिता आयोजना गरिँदै आएको जानकारी दिनुभयो।

"मानहुँकोटको पर्यटन विकास हाम्रो पहिलो प्राथमिकतामा छ", नगर प्रमुखले भन्नुभयो, "अहिले देखिएको खानेपानीको समस्या समाधानका लागि नगरपालिकाको सक्रियतामा योजनाको काम तीव्र गतिमा अघि बढिरहेको छ।" शिरशिर चल्ने चिसो हावा, सूर्योदय, कुहिरोले ढपक्क ढाकेको दमौली बजारको दृश्य र हिमाली शृङखलाको अवलोकनका लागि मानहुँकोट पछिल्लो समय नेपालकै चर्चित गन्तव्यमध्ये एक बनेको छ । यातायातको सहजता र प्रचारप्रसारसँगै यहाँको पूर्वाधार विकास भएमा आगामी दिनमा पर्यटकको संख्या बढ्दै जाने त्यस क्षेत्रका व्यवसायी बताउँछन्।

# 'बोरिङ लिफ्ट' खानेपानी आयोजना निर्माण सुरु

पोखरापत्र संवाददाता
पर्वत, ७ बैशाख

पर्वतको मोदी गाँउपालिकामा पहिलोपटक बोरिङमार्फत लिफ्ट खानपानी आयोजना सुरु भएको छ।

मोदी गाउँपालिकाको आर्थिक सहयोग र गण्डकी प्रदेश सरकारको सहकार्यमा रतीखोला-तिलाहार बोरिङ/लिफ्ट खानेपानी आयोजनाको काम आइतबारदेखि सुरु भएको हो। सो आयोजनाको शिलान्यास मोदी गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले गर्नुभएको थियो। लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका मोदी गाउँपालिका-६ तिलहार, थामर्जुङ र दराक क्षेत्रमा सहज रुपमा खानेपानीको पहुँच विस्तार गर्ने उद्देश्यले योजना अघि बढेको हो । बस्तीभन्दा तल रहेको रतीखोला किनारबाट बोरिङमार्फत पानी उत्खनन् गरिने भएको छ । उत्खनन् गरिएको पानी करिब एक किलोमिटर माथि डाँडोमा ट्याङ्की निर्माण गरी लिफ्टमार्फत तानेर घरघरमा वितरण गरिने गाउँपालिकाका उपाध्यक्ष लामिछानेले बताउनुभयो । यो आयोजनाबाट एक हजार घरपरिवारलाई खानेपानीको सुविधा विस्तार गर्ने योजना रहेपनि तत्काल अति समस्यामा परेका दुई सय घरमा विस्तार गरिने जनाइएको छ।

यो आयोजना मोदी गाउँपालिकाको २५ लाख रुपैयाँ, गण्डकी प्रदेश सरकारको १५ लाख रुपैयाँ र उपभोक्ताका तीन लाख रुपैयाँ बराबरको श्रमदान गरी ४३ लाख रुपैयाँ लागतमा सम्पन्न हुने भएको छ। मुख्य ट्याङ्की ३० हजार लिटर र बाँकी दुई वटा शाखा ट्याङ्की एक हजार पाँच सय लिटर क्षमताको बनाइएको छ। आजभन्दा १८ महिना अघि गरिएको सर्वेक्षणमा १२० मिटर गहिराइमा पानी पत्ता लागेको थियो। जसअनुसार गाउँपालिकाले गरेको बोलपत्र आह्वानमा रिमाल बोरिङ लिमिटेडले निर्माणको जिम्मा पाएको छ । चालु आर्थिक वर्षभित्रमै सवै घरधुरीमा खानेपानी विस्तार सम्पन्न गरिसक्ने गरी काम सुरु गरिएको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिनुभयो।

यसअघि जिल्लाको मोदी र फलेवास नगरपालिकाका विभिन्न स्थानमा बोरिङमार्फत पानी उत्खनन् गरी वितरण गरिएको छ।

# थासाङमा दोस्रो राष्ट्रिय याकचौँरी दिवस सम्पन्न

पोखरापत्र संवाददाता
मुस्ताङ, ७ बैशाख

यहाँको थासाङ गाउँपालिका-२ घट्टे खोलामा दोस्रो राष्ट्रिय याकचौँरी दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । यहाँस्थित हिमालय चौँरीपालन तथा संरक्षण समितिको आयोजना तथा थासाङ गाउँपालिकाको आर्थिक सहयोगमा आज राष्ट्रिय याक दिवस हर्षोल्लासका साथ मनाइएको हो।

सदियौँदेखिको परम्परागत याकचौँरीपालन व्यवसायलाई संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण गर्ने उद्देश्यसहित यसवर्ष मुस्ताङसहित रसुवा र पाँचथर जिल्लामा पनि राष्ट्रिय याक दिवस मनाइएको छ।

यहाँ आयोजित राष्ट्रिय याक दिवसको उद्घाटन गर्दै थासाङ गाउँपालिका अध्यक्ष प्रदीप गौचनले ऐतिहासिक तथा सांस्कृतिक धरोहरका रुपमा परम्परागत याकचौरी पालन व्यवसायलाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। हिमाली क्षेत्रमा पालनगरिनेपरम्परागतयाकचौँरी व्यवसायीहरुकोहकहितकालागि




गतवर्ष राष्ट्रिय याकचौँरी महासङ्घ विधिवत दर्ता भएको अध्यक्ष गौचनले बताउनुभयो।

जैविक विविधता र पारिस्थितिक प्रणालीमा महत्त्वपूर्ण योगदान पुऱ्याउने यसप्रकारको याकचौँरीपालन लोपोन्मुख अवस्थामा रहेकाले संरक्षणरप्रवर्द्धनगर्नुपर्नेमाउहाँले जोड दिनुभयो। याकचौँरीपालन व्यवसाय महङ्गो र जोखिमयुक्त रहेको उल्लेख गर्दै यसको दिगो व्यवस्थापनका लागि राज्य पक्षले याकचौँरीपालन व्यवसायको उत्थान गर्न ठोस कार्यक्रम अवलम्व गर्नुपर्ने आवश्यकता रहेको अध्यक्ष गौचनले बताउनुभयो। पछिल्लो समय याकचौँरीपालन व्यवसायको संरक्षणका लागि ८० प्रतिशत बिमा सुरक्षित गरिएकाले उच्च लेक र खर्कमा हुने प्राकृतिक तथा वन्यजन्तुबाट हुने क्षतिबाट कृषकलाई आशिंक राहत उपलब्ध भएको अध्यक्ष गौचनको भनाइ छ।

यसैगरी राष्ट्रिय याकचौरी महासङ्घका केन्द्रीय सचिव सोजन हिराचनले गतवर्ष महासङ्घको पहलमा सरकारले मन्त्रिपरिषद्बाट बर्सेनि वैशाख ७ गतेका दिनलाई राष्ट्रिय याक दिवस मनाउने घोषणा गरेकाले मुस्ताङमा दोस्रो याक दिवस आयोजना गरिएको बताउनुभयो।

थासाङ गाउँपालिकाका उपाध्यक्ष सोमल हिराचनले याकचौँरीपालन व्यवसायलाई जोगाउन गाउँपालिका सदैव तयार रहेको बताउनुभयो। गाउँपालिकाले सम्भव भएसम्म यहाँका याकचौँरीपालन गर्ने किसानको उत्थानमा आर्थिक, भौतिक र प्राविधिक सहयोगका लागि तयार रहेको बताउनुभयो।

सो अवसरमा हिमालयन चौरीपालन तथा संरक्षण समितिले यसवर्ष थासाङ-२ लार्जुङका याकचौँरीपालक राजेन्द्र तुलाचनलाई सम्मान गरेको छ । विगत २० वर्षदेखि निरन्तर रुपमा याक नाक (चौँरी)पालन व्यवसाय अपनाउँदै आइरहेका तुलाचनलाई हिमाली क्षेत्रको परम्परा र संस्कृतिको संरक्षण, स्थानीय आर्थिक विकास तथा रोजगारी सृजनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै उत्कृष्ट याक नाक (चौँरी)पालन व्यवसायीको रूपमा सम्मान गरेको हो। दिवसका अवसरमा मुस्ताङमा पालन गरिएका याक नाक (चौँरी) मध्ये सर्वोत्कृष्ट याकचौँरीपालन गरेबापत थासाङ-२ सौरुका स्थानीय सोजन हिराचनलाई पनि सम्मान गरेको छ।

# एक वर्षदेखि लमजुङ दरबार पुनःनिर्माण अलपत्र

पोखरापत्र संवाददाता
लमजुङ, ७ बैशाख

समुद्र सतहदेखि एक हजार ४४५ मिटर उचाइमा अवस्थित लमजुङ दरबार पुनःनिर्माण एकवर्षदेखि अलपत्र छ।

लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँसहरमा १६औँ शताब्दीमा बनेको यस दरबारको पुनःनिर्माण १३ महिनादेखि अलपत्र भएको हो। पुरातत्व विभागले मौखिक रूपमा दुई वर्षमा सम्पन्न गर्ने गरी काम थालेकामा पाँच वर्ष पुग्दा पनि सम्पन्न नभएको स्थानीय बताउँछन् । स्थानीय सुरेश श्रेष्ठले भन्नुभयो, "हामीलाई दुई वर्षमा सक्ने भनेर दरबारको पुनःनिर्माण सुरु गरेको थियो । यतिका वर्ष हुँदा काम नै सम्पन्न हुनु त कता हो कता यस वर्षको बजेटको काम सुरु नै हुन सकेको छैन।" गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले दरबारको पुनःनिर्माण हुननसक्दा पटकपटक पुरातत्व विभागलाई काम सुरु गर्न आग्रह गरेको बताउनुभयो। तर विभागले जहिले सरकारले आवश्यक बजेट विनियोजन नभएकाले ढिलाइ हुने गरेको जानकारी दिने गरेको उहाँको भनाइ छ । पुरातत्व विभागका इञ्जिनियर गोविन्द अधिकारीले सो दरबारको पुनःनिर्माण गर्नका लागि पर्याप्त बजेट उपलब्ध नहुँदा बर्सेनि थोरैथोरै मात्र काम हुने गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो आर्थिक वर्षमा देशमा भएको जेनजी आन्दोलन, टेण्डर प्रक्रियालगायत विविध कारणले पुनःनिर्माण सुरु हुन ढिलाइ भएको हो । हाल टेण्डर आह्वान गरेर निर्माण कम्पनी छनोट गरिसकेको र चाँडै पुनःनिर्माण अघि बढ्ने उहाँको भनाइ छ। उहाँका अनुसार ए वान कम्पनी काठमाडौँले करिब ४२ लाख रुपैयाँमा ठेक्का प्राप्त गरेको छ । शाहवंशीय राज्यको उद्गमथलो हो लमजुङ। त्यसैको विरासत मानिन्छ लमजुङ दरबारलाई । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएको इतिहास छ। त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएका थिए । सो घटनापछि उनीहरुले कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनःकास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए। यशोबह्मलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको दरबार परिसरको शिलालेखमा उल्लेख छ।